नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

निजामती सेवा दिवस, २०७७ को अवसरमा आयोजित खुला कविता प्रतियोगितामा कविता पठाउने सम्बन्धी

## सूचना

<u>कविताको विषय:</u> राष्ट्र, राष्ट्रियता र राष्ट्रसेवकको दायित्वसँग सम्बन्धित भावमा लेखिएको हुनुपर्ने छ ।

<u>कविता पठाउने ठेगाना:</u> सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कर्मचारी कल्याण शाखा, सिंहदरबार, काठमाडौं । वा इमेल ठेगाना - emp.welfare.section@mofaga.gov.np ।

<u>कविता आइपुग्नुपर्ने समय:</u> मिति २०७७।०४।३२ गते कार्यालय समयभित्र ।

<u>कविता पठाउँदा देहायका शर्तहरु पालना गर्नुपर्ने छ:</u>

१. कविता नेपाली भाषामा हुनुपर्ने छ ।
२. कविता A4 साइजको पेपर वा फर्म्याटमा हुनुपर्नेछ ।
३. कविता नेपाली भाषामा लेख्दा प्रीति वा युनिकोडको कालीमाटी फन्टमा लेखिएको हुनुपर्नेछ । प्रीति फन्टमा १४ र कालीमाटीमा १० फन्ट साइज हुनुपर्नेछ ।
४. कवितामा बस्तुपरक वा आत्मपरक ढङ्गले मौलिक विचारको प्रस्तुति मान्य हुनेछ । तर, वैयक्तिक र संस्थागत आक्षेपयुक्त रचना मान्य हुने छैन ।
५. कविता मौलिक हुनुपर्नेछ । अन्यत्र प्रकाशित कविता मान्य हुने छैन । यस सम्बन्धी स्व:घोषणा कवितासाथ संलग्न हुनुपर्ने छ ।
६. कवितासाथ आफ्नो पासपोर्ट साइजको फोटो र वैयक्तिक विवरण संलग्न राख्नुपर्नेछ । (इमेल मार्फत पठाउँदा स्क्यान गरिएको फोटो र वैयक्तिक विवरणको प्रति संलग्न हुनुपर्नेछ ।)

पुनश्च: मूल्याङ्कनका अन्य आधार मूल्याङ्कन समितिले निर्धारण गरेबमोजिम हुने छ ।

<u>पुरस्कारको व्यवस्था:</u> उत्कृष्ट तीन कविताहरुलाई पुरस्कारको व्यवस्था गरिएको छ । पहिलो हुनेलाई रु.२५ हजार, दोश्रोलाई रु.१५ हजार र तेश्रोलाई रु.१० हजार पुरस्कार प्रदान गरिनेछ ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

निजामती सेवा दिवस, २०७७ को अवसरमा आयोजित खुला निबन्ध प्रतियोगितामा निबन्ध पठाउने सम्बन्धी

## सूचना

निबन्धको शिर्षकः "निजामती सेवाप्रतिको जनअपेक्षा"

निबन्ध पठाउने ठेगानाः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कर्मचारी कल्याण शाखा, सिंहदरबार, काठमाडौं । वा इमेल ठेगाना - emp.welfare.section@mofaga.gov.np ।

निबन्ध आइपुग्नुपर्ने समयः मिति २०७७।०४।३२ गते कार्यालय समयभित्र ।

निबन्ध पठाउँदा देहायका शर्तहरु पालना गर्नुपर्ने छः

१. निबन्ध नेपाली वा अंग्रेजी कुनै एक भाषामा हुनुपर्ने छ ।
२. निबन्ध कम्तीमा ३,००० शब्दमा नघटाई लेखिएको हुनुपर्नेछ ।
३. निबन्ध A4 साइजको पेपर वा फर्म्याटमा हुनुपर्नेछ ।
४. निबन्ध नेपाली भाषामा लेख्दा प्रीति वा युनिकोडको कालीमाटी फन्टमा लेखिएको हुनुपर्नेछ । प्रीति फन्टमा १४ र कालीमाटीमा १० फन्ट साइज हुनुपर्नेछ । अङ्ग्रेजी भाषामा लेख्दा Times New Roman को १२ फन्टमा लेखिएको हुनुपर्ने छ ।
५. निबन्धमा वस्तुपरक वा आत्मपरक ढङ्गले मौलिक विचारको प्रस्तुति मान्य हुनेछ । तर, वैयक्तिक र संस्थागत आक्षेपयुक्त रचना मान्य हुने छैन ।
६. निबन्ध मौलिक हुनुपर्नेछ । अन्यत्र प्रकाशित निबन्ध मान्य हुने छैन । यस सम्बन्धी स्वःघोषणा निबन्धसाथ संलग्न हुनुपर्ने छ ।
७. निबन्ध नीतिगत सुधारका लागि मार्गदर्शन गर्ने प्रकारको हुनुपर्ने छ ।
८. तथ्य र तथ्याङ्कको स्रोत आधिकारिक, यथार्थपरक र अद्यावधिक हुनुपर्नेछ ।
९. निबन्धसाथ आफ्नो पासपोर्ट साइजको फोटो र वैयक्तिक विवरण संलग्न राख्नुपर्नेछ । (इमेल मार्फत पठाउँदा स्क्यान गरिएको फोटो र वैयक्तिक विवरणको प्रति संलग्न हुनुपर्नेछ ।)

पुनश्चः मूल्याङ्कनका अन्य आधार मूल्याङ्कन समितिले निर्धारण गरेबमोजिम हुने छ ।

पुरस्कारको व्यवस्थाः उत्कृष्ट तीन निबन्धहरुलाई पुरस्कारको व्यवस्था गरिएको छ । पहिलो हुनेलाई रु.२५ हजार, दोश्रोलाई रु.१५ हजार र तेश्रोलाई रु.१० हजार पुरस्कार प्रदान गरिनेछ ।